# *नेपालको शैक्षिक परम्परा :*
# प्रारम्भदेखि त्रिभुवन विश्वविद्यालयको स्थापनासम्म

*पुष्पराज चालिसे**

प्राचीन हिन्दू गुरुकुल र ग्रीक एकेडेमीदेखि आधुनिक विश्वविद्यालयसम्म आइपुग्दा उच्चशिक्षाका परिपाटी एवं प्रणालीमा जतिसुकै ठूलो परिवर्तन देखिए तापनि आधारभूत उद्देश्य भने ज्ञानको सिर्जना, संरक्षण, प्रवर्द्धन र प्रसार नै रहेको पाइन्छ। समग्रमा भन्नुपर्दा जगत् र जीवनसँग सम्बन्धित विविध विषय क्षेत्रमा प्राप्त ज्ञानको पुस्तागत संरक्षण, सम्प्रेषण तथा प्रसारका साथसाथै नव-नव ज्ञानको सिर्जना संवर्द्धन र विस्तारसमेत गर्दै जानु नै परम्परागत वा आधुनिक शिक्षण संस्थाहरूको ध्येय वा प्रयोजन रहेको अनुभव हुन आउँदछ।

हिन्दूहरूको प्रसिद्ध वैदिक साहित्यभण्डारले हिन्दू समाजमा शिक्षाप्रतिको आकर्षण एवं झुकावलाई प्रस्टयाउँदछ भने अर्कोतिर हिन्दू शिक्षाको अत्यन्त प्राचीन एवं गौरवमय परम्पराको पुष्टि गर्दछ। वैदिक युगमा शिक्षा लिन र दिनमा कुनै भेद थिएन। तापनि ब्राह्मवर्ग नै यस कामका लागि योग्य ठानिन्थे। उपनयन संस्कार (उपनयन - नजिक जाने काम) पछि द्विजहरूले शिक्षा प्रदान गर्नु अनिवार्य थियो। शिक्षा गुरुकुल पद्धतिअनुरूप दिइन्थ्यो। त्यतिबेलाका पाठ्य विषय वेद, पुराण, व्याकरण, ज्योतिष, छन्द, दर्शन र कला मुख्य थिए। व्यक्तिलाई उसको वर्णको आधारमा उसको व्यक्तिगत जीवन एवं व्यवहारमा काम लाग्ने विषयको शिक्षा दिइन्थ्यो। पठनपाठनको माध्यम - भाषा संस्कृत हुन्थ्यो। शिक्षाका पनि निश्चित उद्देश्यहरू थिए। ती हुन् - (क) चरित्र निर्माण ख) व्यक्तित्वको विकास ग) उत्तरदायित्वको भावना र घ) प्राचीन संस्कृतिको संरक्षण आदि।[1]

उपर्युक्त प्रस्तुत बुँदाहरूमा प्राचीन हिन्दू समुदायमा प्रचलित शैक्षिक परम्पराको एकसरो वर्णन गरियो तर लिच्छविकालअघिको नेपालमा पठन-पाठनको कस्तो व्यवस्था कायम थियो भन्नेबारे स्पष्ट रूपमा चर्चा गर्न सकिने खास आधार हामीसँग छैन।

---

* *श्री चालिसे अनुसन्धान महाशाखा त्रि.वि. कीर्तिपुरमा उपप्राध्यापक हुनुहुन्छ।*

## प्राचीन शैक्षिक सन्दर्भ :

हुनत प्राप्त लिच्छविकालीन स्रोतहरूका आधारमा त्यस कालकै पनि शैक्षिक स्थितिको स्पष्ट खाका उतार्न सकिँदैन। तर पनि त्यसबेलाको शैक्षिक स्थितिको मोटामोटी रूपरेखा भने अवश्य कोर्न सकिन्छ।

परम्परागत रूपले नै भनौं त्यतिबेला "राजदरबार" अहिलेको प्रज्ञाप्रतिष्ठानको रूपमा विकसित थिए। प्राय: शासकहरूलाई शास्त्रीय, कला (विशेषत: युद्धसम्बन्धी) र व्यावहारिक ज्ञान प्रदान गरिने हुनाले लिच्छवि शासक सुशिक्षित नै थिए र त प्राचीन नेपाल समुच्च नेपाली इतिहासको "स्वर्णयुग" मानिन्छ। सातौं शताब्दीतिर नेपालको तराईको भ्रमण गर्ने चिनियाँ यात्री ह्वेन साङ अनि युआन च्वाङको वर्णनमा नेपालका शासकहरू शिक्षित र विद्वान् थिए भन्ने उल्लेख पाइन्छ। लिच्छवि राजा मानदेव, अंशुवर्मा र जयदेव द्वितीय प्राज्ञ ठहरिन्छन्। उपर्युक्त सन्दर्भका अतिरिक्त तत्कालीन अभिलेखहरूका गद्य औ पद्य अति नै प्रौढ एवं प्राञ्जल हुनु, ब्राह्मणहरूलाई "अग्रहार" (पढाउने वृत्तिका लागि दिइने बिर्ता), शैक्षिक गतिविधि सञ्चालनका निम्ति राखिएका "वासुदेव ब्राह्मण गोष्ठिक", "ब्राह्मणसानात्य्य गोष्ठिक", र "तैत्तिरीय शाखा गोष्ठी" आदि गुठी, बौद्ध भिक्षु-भिक्षुणी संघ (बिहार), मठ, मन्दिर तथा तत्कालीन अभिलेखहरूमा पाइने "भारताश्रम" एवं "गौतमाश्रम" को उल्लेखबाट तत्कालीन शैक्षिक स्थिति राज्यप्रशासन र जीवनका आधारभूत आवश्यकतापूर्तिका लागि यथेष्ट थियो। शैक्षिक स्थितिमाथि प्रकाश पार्ने आन्तरिक एवं बाह्य स्रोतले पुस्टचाएका आधारमा तत्कालीन पाठ्यविषयमा वैदिक साहित्य, व्यावसायिक शिक्षा तथा औषधीविज्ञान प्रमुख थिए।[२] नेपाली समाजको विकासक्रमको अध्ययन एवं ह्वेन साङको वर्णनबाट भने सर्वसाधारण जनता शास्त्रीय शिक्षाबाट पूर्ण रूपमा बञ्चित रहेको बुझिन्छ।

## मध्यकालीन शैक्षिक सन्दर्भ :

मध्यकालको (२० अक्टुबर ८७९ ई.) शुरुदेखि नै केन्द्रीय शासनमा देखापरेको कलहका कारण लिच्छविकालीन प्राज्ञिक परम्परा सोही रूपमा चल्न नपाएको कुराको इतिहास साक्षी छ। तर पनि यो सत्य हो कि मध्यकाल लिच्छविकालको उत्तराधिकारी भएकाले त्यतिबेला पनि शास्त्रीय तथा व्यावसायिक शिक्षा नै प्रचलित थिए। शासक एवं पण्डित वर्ग मात्र शास्त्रीय शिक्षाका हकदार थिए। भनाइको अर्थ शिक्षा सीमित नै थियो। तर समाजको बनावट र समयक्रमले विज्ञान तथा प्राविधिक शिक्षाको प्रचुरता भने बढ्न गएको देखिन्छ। राजदरबारबाहेक तत्कालीन नेपालमा मन्दिर (मठ), र विहारहरू नै शिक्षाका केन्द्र थिए। तत्कालीन 'कनक श्री' तथा 'बागिश्वरकीर्ति' ले उत्तर र उत्तरपूर्वी भारतमा अनि 'सिद्ध नारोपा' 'भिक्षु रत्न रक्षित' आदिले तिब्बत, चीन एवं मंगोलिया आदि स्थानहरूमा बौद्ध धर्म एवं ज्ञानको प्रचार गरेका थिए। यसका अतिरिक्त उत्तरमध्यकालमा तिब्बती व्यापार एवं नेपाली शिल्पकलाका आधिपत्यका कारण काठमाडौं उपत्यकाको आर्थिक स्थिति दरिलो बन्न गई शास्त्रीय क्रियाकलापमा विशेष उन्नति हुन गयो। यहाँसम्म कि आक्रमण र लुटपाट (आन्तरिक) का बखत मानिसहरूले घरकासाथै पुस्तक बेची खाएको वर्णनसमेत पाइन्छ।[३]

उपत्यकाको मल्लराज्यको विभाजनपश्चात् तीनवटै राज्यका दरबारमा विभिन्न विदेशी विद्वान्को खायस तथा विदेशी भाषाको प्रयोग एवं साहित्यिक संरचनाजस्ता कार्यमा पनि प्रतिस्पर्धाले स्थान पायो । फलत: संस्कृत, नेवारी र आंशिक रूपमा पर्वते (नेपाली) का अतिरिक्त मैथिली, फारसी बङ्गाली एवं हिन्दी आदि भाषाका रचनाहरू रचिए तापनि नेवारी तथा बङ्गाली भाषाको प्रमुख बाहुल्य थियो । तत्कालीन राजाहरू "श्री कवीन्द्र","संगीतार्णवपारग" आदि उपाधि धारण गर्दथे ।

मध्यकालीन शैक्षिक सन्दर्भका क्रममा यो कुरा पनि उल्लेखनीय छ कि ईशाई धर्म प्रचारकहरूको सम्पर्कबाट नेपालीहरूले सर्वप्रथम पाश्चात्य ज्ञान एवं प्रविधिबारे जानकारी पाएका थिए । यसका अतिरिक्त मल्लवंशको पतनका लागि जिम्मेवार सामाजिक कारणहरूमध्ये शैक्षिक पक्षमा शासकवर्ग एवं जनताजनार्दनबीच विद्यमान अन्तर पनि एक प्रमुख कारण थियो ।

## आधुनिक शैक्षिक सन्दर्भ :

चौबिसी राज्यमध्येका गोर्खाका राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथि कब्जा जमाएपछि (१७६९ ई.) नेपालमा आधुनिककालको सूत्रपात हुन्छ । यस कालमा एकातिर एकीकरण अभियान र अर्कोतिर देशको केन्द्रीय सत्तामा आरूढ व्यक्तिहरूको चरम अदूरदर्शिता अनि अयोग्यताका कारण प्रथमत: राजदरबार परम्परागत रूपमा विद्याको केन्द्र बन्न सकेन, बरु कूटविद्याको केन्द्र बन्न पुग्यो । दोस्रो : बाह्य विश्व कुन रूपमा अगाडि बढ्दैछ र त्यस अनुपातमा जनतामा चेतना अभिवृद्धि गर्दै लैजानु पर्दछ भन्नेतिर समुचित ध्यान पुग्न सकेन ।

जंगबहादुर राणाले सत्ता हत्याएको केही वर्षपछि युरोपको भ्रमण गरे । त्यसपछि त्यहाँको समाज अनि ज्ञान-विज्ञानको क्षेत्रमा भए-गरेका उपलब्धिबाट प्रभावित भै पाश्चात्य शिक्षाको महत्त्वलाई बुझी नेपालमा सर्वप्रथम आफ्ना भाइभैयादमा यसको प्रत्यारोपण गरे । यसक्रममा १८५३ ई. मा थापाथली निवासमा दरबार स्कूलको स्थापना भयो । पछि वीरशमशेरले वि. सं. १९४८ मा रानीपोखरीको पश्चिमपट्टि भवन बनाई त्यसलाई स्थानान्तरण गरेपश्चात् औपचारिक रूपले नेपालमा अंग्रेजी शिक्षाको सूत्रपात् भयो । भनाइको अर्थ यसै बेलादेखि सीमित सर्वसाधारण जनताले (राणाजीका आसेपासेहरूले) पनि अंग्रेजी शिक्षा पाउन थालेका हुन्;[४] तापनि शिक्षालाई आफ्नो मृत्यु ठान्ने राणा शासकहरूले शिक्षालाई सीमित नै राख्ने प्रयास गरे ।

जहाँसम्म परम्परागत शिक्षाको प्रश्न छ, यसलाई (जसले प्रत्यक्ष रूपमा जनतालाई स्वतन्त्रता तथा राजनीतितिर आकर्षित गर्दैनथ्यो) भने पछिल्ला राणाशासकहरूले पनि विस्तार गर्दै लगेको देखिन्छ । रणोद्दीप सिंहले रानीपोखरीको उत्तरपट्टिको टहरामा "रानीपोखरी पाठशाला" खोले भने देवशमशेरले वि. सं. १९५८ मा ५७ वटा जति "भाषा पाठशाला" को स्थापना गराए तर चन्द्रशमशेरको चरमदमनकारी शासनमा भाषा पाठशालाको जिलो ८।१० वटा मात्र बाँकी रहन पुगे । यसप्रकारको आरोह-अवरोहबीच वि.सं. २००० सम्म आइपुदा पाठशालाको संख्या १०० पुगेको थियो ।[५]

अंग्रेजी शिक्षातर्फ १९३४ ई. मा एस.एल.सी. बोर्डको नेपालमा व्यवस्था हुनभन्दाअगाडि दरबार हाईस्कूलको सम्बन्ध कलकत्ता विश्वविद्यालयसँग थियो। आधुनिक उच्चशिक्षा हासिल गर्न चाहनेहरू वनारस, पटना, कलकत्ता र इलाहावाद विश्वविद्यालय धाउँदथे। अंग्रेजी शिक्षा प्रारम्भ भएको धेरै पछि मात्र विश्वको बदलिंदो परिस्थिति अनि शिक्षित युवाहरूको दबाव तथा नेपाली विद्यार्थीहरूमा भारतीय सम्पर्कबाट देखापरेको राजनीतिक चेतना आदिका कारण वि.सं. १९७६ ( १९१८ ई.) मा चन्द्रशमशेरले भारतीय नमुनामा पटना विश्वविद्यालयबाट सन्चालन हुने गरी "त्रिभुवन-चन्द्र इन्टरमेडियट कलेज" खोले।[६]

श्री ३ चन्द्रले मटिहानी र जनकपुरमा संस्कृत पाठशाला पनि खोलेका थिए। के चन्द्रशमशेरले उदार एवं शिक्षाप्रेमी भएर शिक्षण संस्था खेलेका हुन् त ? होइन उनी त राणा शासकमध्ये सबभन्दा अनुदार शासक मानिन्छन्। वास्तविकता के हो भने उनी शिक्षित र दूरदर्शी हुनाका साथै ज्यादै धूर्त पनि थिए। समय र परिस्थितिको राम्रो मूल्याङ्कन गर्न सक्षम थिए र त आफ्नो शासन र वर्गीय आधारशिलामा धक्का लाग्न पुग्ने भए तापनि निकट भविष्यमा नै हुनसक्ने परिवर्तनलाई आफ्नो गाथा (इतिहास) सँग जोड्न अति नै लालायित थिए। त्रि-चन्द्र कलेजको स्थापना तथा दास एवं सतीप्रथाको उन्मूलनलाई उनको यही इतिहासप्रतिको सजगतासँग जोडेर अध्ययन गर्नु समिचीन देखिन्छ। त्यसैले त त्रि-चन्द्र कलेजको उद्घाटन गर्दा प्रिन्सिपललाई इंगित गर्दै भनेका थिए "..... तपाईंले मलाई धन्यवाद दिइरहनु पर्दैन, आज मैले मेरो भावी पुस्ताको विस्तारक्रमलाई रोकें।"[७]

अंग्रेजी शिक्षाबाहेक महात्मा गान्धीले चलाएको कृषिकला, ललितकला, वस्त्रकला आदिको शिक्षा प्रयोगात्मक रूपमा दिइने गरी जुद्धशमशेरले शुरु गरेको "आधार शिक्षा" पनि वि.सं. २००४-२००५ सम्म राम्रै चलेको थियो। यसरी अन्तिम राणा प्रधानमन्त्रीहरूले नचाहेरै भए पनि आफूले मात्र होइन, सर्वसाधाणलाई पनि केही अंग्रेजी स्कूल खोल्न दिए। सरकारी स्कूलहरू भने नि:शुल्क रूपमा सन्चालित थिए।

राणाकालको अन्त्यतिर आएर राजनीतिक रूपले सचेत एवं शिक्षित युवाहरूमा जागृत भएको राजनीतिक असन्तुष्टिलाई केही हदसम्म रोक्ने उद्देश्यले मोहनशमशेरले १७ वैशाख २००५ मा विश्वविद्यालय खोल्नेबारे एउटा घोषणा गरे।

*"सरस्वती सदन"* मा तीन महिनापछि एउटा बैठक पनि बस्यो र *"राष्ट्रिय शिक्षा योजना आयोग"* गठन पनि गरियो; त्यहाँ विश्वविद्यालय आफ्नो परम्परा, संस्कृति, देशअनुकूल हुनुका अतिरिक्त अन्य विश्वविद्यालयको समकक्षमा राखी कसरी सन्चालन गर्ने भन्ने छलफल भई केही ठोस सुझावहरू पनि दिएको थियो। तत्पश्चात् अप्रिल १९४९ मा *"विश्वविद्यालय आयोग"* को बैठक बसी विविध विषयको पाठ्यांश मस्यौदा गर्न संयोजकसमेत तोकियो।[८] यसैबीच एक सय चार

वर्षीय राणाशासनको भित्री र बाहिरी पक्षमा देखापरेका तीव्र संकटका कारण राणा सरकारले विश्वविद्यालय स्थापनातर्फ कुनै पनि पाइला चाल्न सकेन ।

## आधुनिक नेपालको शैक्षिक स्थिति

नेपालको भूबनोट अर्थात् भौगोलिक प्रभावका हिसाबले आधुनिक नेपालको शैक्षिक स्थिति भेगअनुरूप फरक-फरक भएको हामी पाउँछौं ।

हिमाली प्रदेशमा गुम्बामा लामाहरूले बौद्ध धर्म एवं दर्शनसम्बन्धी शिक्षा दिन्थे, जसमा संस्कृतकै प्राधान्य हुन्थ्यो । तराई भेगमा हिन्दू तथा मुस्लिम मतावलम्बीहरू बसोबास गर्ने भए तापनि मौलवी (धार्मिक गुरु) हरूले मदरसा (पाठशाला) को माध्यमद्वारा धार्मिक शिक्षा दिने काम गर्दथे[१] । पहाडी प्रदेशमा संस्कृत शिक्षाकै प्रचलन व्याप्त थियो । यसरी अनौपचारिक परिपाटीअनुसार हिन्दू, बौद्ध र मुस्लिमहरू क्रमश: घर, गुम्बा र मदरसामा बसेर आफ्ना चेलाहरूलाई नि:शुल्क शिक्षा दिने गर्दथे ।

आधुनिक नेपालको शैक्षिक स्थितिलाई निम्नानुसार तीन पक्षमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

क) संस्कृत शिक्षा अथवा शास्त्रीय शिक्षा ।

ख) निजामती शिक्षा र

ग) आधुनिक शिक्षा ।

### क) संस्कृत (शास्त्रीय) शिक्षा

नेपालमा संस्कृत शिक्षाको पृष्ठभूमिबारे अघिल्ला सन्दर्भ एवं अनुच्छेदहरूमा यथाप्रसंग चर्चा भइसकेकै छ । नेपालमा यसको औपचारिक प्रचलन वि. सं. १९३४ मा रणोद्दिप सिंहले रानीपोखरीको उत्तर-पश्चिम टहरामा पठन-पाठन थालेपछि शुरु भएको हो । त्यहाँ ज्ञान दिने काम नै मुख्य हुन्थ्यो । आधुनिक तरिकाबाट शिक्षा-दीक्षा लिनेदिने काम भने हुँदैनथ्यो । पछि दरबार स्कूलको तल्लो भागमा *"रानीपोखरी संस्कृत प्रधान पाठशाला" को* नाउँबाट संस्कृतको शिक्षा दिने काम हुन थाल्यो । जहाँ विद्यार्थीहरूलाई आफ्नो विषयमा कसरी हुन्छ, निपूर्ण बनाउन खोजियो । यसरी त्यहाँ स्वतन्त्र अध्ययन-अध्यापन मात्र हुन्थ्यो । आधुनिक तवरले परीक्षा लिनेदिने काम भने वि.सं. १९५५ देखि *"गभर्नमेन्ट संस्कृत कलेज"* वनारसका माध्यमबाट हुनथाल्यो । मटिहानी र जनकपुरमा खोलिएका संस्कृत पाठशालाको छात्रावासमा बसी पढ्नेहरूले बिहार विश्वविद्यालयबाट

संस्कृतमा *"मध्यमा"* शास्त्री एवं आचार्यको परीक्षा दिने गर्दथे ।[१०] ई. सं. १९४८ मा *"नेपाल संस्कृत कलेज"* को स्थापना भयो । जुन वनारससँग नै सम्बन्धित थियो । यसअन्तर्गत *"उत्तर मध्यमा"* र शास्त्रीको पढाइ हुन्थ्यो, जहाँ शास्त्रीय संस्कृत ग्रन्थकै प्राधान्य थियो । आधुनिक विषयको पढाइ भने पटक्कै समावेश थिएन ।[११]

भारत र तेस्रो विश्वमा भएको उपनिवेशवादी काँधको जुवा फ्याँक्ने जबर्दस्त लहराबाट प्रेरित विद्यार्थीहरू श्रीभद्र शर्मा, राजेश्वर देवकोटा आदि विद्यार्थीहरूले १५ जून १९४७ ई. देखि *"पाठशालामा भूगोल, इतिहास, अर्थशास्त्र र राजनीतिशास्त्र आदिको पढाइको व्यवस्था गरियोस्"* भनि *"जयतु संस्कृतम्"* हडताल छेडे । तर तत्कालीन नायव बडागुरुज्यू र रोलवाला जर्नेल मोहनशमशेरको दमननीतिले गर्दा सो आन्दोलन त्यत्तिकै खेर गयो ।[१२] तत्कालीन व्यवस्थामा संस्कृत कलेज एवं पाठशालाहरू *"डाइरेक्टर अफ् संस्कृत एजुकेसन"*को निगरानीमा राखिएको थियो[१३] भने बुद्धिस्ट गुम्बा र मदरसाहरू क्रमशः स्थानीय लामा एवं मौलवीहरूको संरक्षणमा रहने गर्दथ्यो ।

### ख) निजामती शिक्षा :

आधुनिक नेपालको निर्माण नै सैनिकीकरणद्वारा हुन गएकाले नेपालको शासनप्रणाली मूलतः जंगी नै थियो । सरकारी काम-काजका लागि पण्डित र भारदारवर्गका लेखपढ जान्ने, नीतिशास्त्र जान्ने अनि कूटनीति जान्ने परिवारहरूद्वारा देशको वैदेशिक नीति एवं प्रशासन चलाइन्थ्यो तापनि *"तालुकवाला"* भने राणापरिवारकै व्यक्ति रहन्थे । तर देशको आन्तरिक तथा बाह्य पक्षमा आएका परिवर्तनसँगसँगै सामन्ती राणा शासकहरूले प्रशासनको दायरा एवं शैलीमा हेरफेर गर्न बाध्य बने । चन्द्रशमशेरको पालासम्म आइपुग्दा यो क्रम बढ्न गई प्रशासनिक जनशक्ति उत्पादनका लागि *"निजामती शिक्षा व्यवस्था"* लागू गरे, जसअन्तर्गत *"निजामती प्रथमको चार पास"*, *"निजामती मध्यमाको एघार पास"* (क्रमशः चार र एघार विषयको जाँच लिइने) प्रचलनमा थिए । साथै यस प्रकारको शिक्षा दिने *"श्रेस्ता पाठशाला"* समेत काठमाडौंमा थियो ।[१४]

### ग) आधुनिक शिक्षा :

जंगबहादुर कुँवरको युरोपयात्रापछि नेपालमा आधुनिक शिक्षा भित्रियो र त्यसपछि दरबार हाईस्कूल, त्रि-चन्द्र कलेजको स्थापना भई क्रमशः विश्वविद्यालय स्थापनाका लागिसमेत प्रयास भएको वर्णन माथि नै उल्लेख भै सकेको छ । जुनसुकै जनविरोधी शासनव्यवस्था पनि उदार, मानवीय एवं प्रजातान्त्रिक विचारधाराको प्रवाहबाट आफ्नो मुलुकलाई टाढै राख्न चाहन्छन् तर भविष्य शोषित-पीडितकै पक्षमा रहन्छ । त्यस अर्थमा राणाशाहीले खासगरी आधुनिक शिक्षाको नियन्त्रणका लागि *"डाइरेक्टर जनरल अफ् पब्लिक इन्सट्रक्सन"* खडा गरी राज्यशक्ति नै केन्द्रित एकसाथ उठेको जनआन्दोलनको लहरले राणाशासनलाई पल्टाइछाड्यो ।

आधुनिक शिक्षाका क्रममा जुद्धशमशेरले चलाएको *"महात्मा गान्धी शैली"* को प्रयोगात्मक रूपमा दिइने शिक्षाले एकातिर जनतालाई साक्षर एवं सचेत बनाउन र अर्कोतिर आत्मनिर्भरतातिर उन्मूख नेपाली प्राचीन पद्धतिलाई सन्जीवनी प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको देखिन आउँदछ। वर्तमान नेपालका प्रशासक, बुद्धिजीवी एवं राजनेताहरूमध्ये ५० प्रतिशत यस शिक्षाकै उत्पादन भएको लेखक स्वयंको अध्ययनबाट पुस्टि भएको छ।[१६] आधुनिक शिक्षातर्फ वि.सं. १९८९-२००६ सम्म विभिन्न सबओभरसियर, स्वास्थ्यकर्मी, पशुचिकित्सक, तानमास्टर आदि आयुर्वेदिक वैद्य एवं कविराज पनि उत्पादन गरिएका थिए। साथै *"नेपाल आर्ट स्कूल"* तथा "जुद्धकला पाठशाला पनि यस क्रममा उल्लेखनीय देखिन्छ।

वि.सं. २००७ को जनआन्दोलनले अन्य पक्षमा के-कस्तो उपलब्धि देखायो भन्ने विषयमा विभिन्न वादविवाद रहेको पाइन्छ तापनि आधुनिक शिक्षा र स्वतन्त्र चिन्तनका पक्षमा भने उक्त घटना युगविभाजक बिन्दु बन्न पुगेको तथ्य निर्विवाद छ। यसबेलादेखि आधुनिक शैक्षिक स्थितिमा व्यापकता एवं गुणात्मकता दुवैको प्रबलता बढ्दै आयो। त्यस अघिको शैक्षिक स्थितिको न्यूनता निम्नतालिकाबाट पुस्टि हुन्छ।

२००७ सालको शैक्षिक स्थिति[१७]

| *शैक्षिक तह* | *शिक्षण संस्थाको संख्या* | *शिक्षक संख्या* | *विद्यार्थी संख्या* |
|---|---|---|---|
| प्राथमिक | ३२१ | अप्राप्त | ८,५०५ |
| माध्यमिक | ११ | अप्राप्त | १,६८० |
| उच्च | ३ | ३७ | २५० |

नेपालको सार्वभौम सत्ता अक्षुण्ण रहँदै आए तापनि शिक्षाका सन्दर्भमा भने प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट विदेशीहरूको प्रभाव रहेको सन्दर्भलाई नकार्न सकिँदैन। २००७ सालपछि शिक्षासम्बन्धी सल्लाह दिने विदेशी विद्वान्हरू आमन्त्रित गरिए। यसक्रममा एल.डब्लू.रोज तथा ह्युग वी. उडको आगमन उल्लेखनीय छ।[१८]

वि.सं. २००७ सालको लगत्तैपछि नेपालमा शिक्षाप्रणालीलाई व्यवस्थित गर्ने र एउटा विश्वविद्यालय स्थापना गर्ने कुरा केही समयका लागि पाखा पन्छिन पुग्यो। तापनि शिक्षाप्रेमी नेपालीहरूको घच्घचाहटका कारण वि.सं. २००९ मा *"शिक्षा समिति"* को गठन भई त्यसले *"नेपाल राष्ट्रिय शिक्षा योजना आयोग"* बनाउने सिफारिस गऱ्यो। तदनुरूप विविध क्षेत्रको प्रतिनिधित्व गर्ने ४६ सदस्यीय आयोगको गठन सरदार रुद्रराज पाण्डेको संयोजकत्वमा भयो। त्यस आयोगले वि.सं. २०११ चैत ९ गते कार्यसन्चालन गऱ्यो। जसले शिक्षाका विभिन्न तहका बारेमा प्रतिवेदन प्रस्तुत गर्नुका साथै उच्चशिक्षाका बारेमा पनि जनताका तत्कालीन आवश्यकताका अनुपातमा शिक्षाको स्तर बढाउन पाँच वर्षभित्र एक *"राष्ट्रिय विश्वविद्यालय"* स्थापना गर्न सिफारिस गऱ्यो।

ता यसैबीच वि.सं. २०१२ चैत १८ गतेका दिन स्व. श्री ५ जिज्यूमुमाबडामहारानी कान्तिराज्यलक्ष्मीदेवी शाहबाट स्व. श्री ५ माहिला अधिराजकुमार हिमालयवीरविक्रम शाहको संयोजकत्वमा *"त्रिभुवन विश्वविद्यालय योजना आयोग"* गठन भयो। यसका सेक्रेटरी डा. परासरनारायण सुवाल थिए।[१९] वि.सं. २०१५ आषाढ शुक्ल नवमी ११ रोज ४ मा स्व. श्री ५ जिज्यूमुमाबडामहारानीहरूबाट त्रि.वि.को प्रतीक शिलापत्रको स्थापना भयो। त्यसपछि वि.सं. २०१६ जेठ १३ गते *"त्रिभुवन विश्वविद्यालय ऐन"* निस्केपछि विश्वविद्यालय स्थापनाको बाटो अफ फराकिलो भयो। यसैअनुरूप वि.सं. २०१६ आषाढ ३० गते आषाढ शुक्ल नवमीका दिन[२०] त्रि. वि. को स्थापना भयो। वि.सं. २०१६ असोज ४ गतेदेखि उच्चशिक्षाको प्रथम पढाइ पनि शुरु भयो। बिस्तारै यस त्रि.वि. ले विभिन्न संकाय गठन, आफू र आफूसँग सम्बन्धनप्राप्त उच्चशिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण, परीक्षा, प्राज्ञिक गोष्ठी अनि सीमित प्राविधिक सेवा प्रदान गर्न थाल्यो।

वि.सं. २०२८ मा राष्ट्रियता, संस्कृति एवं आधुनिकतालाई तादात्म्य राख्नेखालको उद्देश्य लिएर *"नयाँ शिक्षा पद्धतिको योजना"* निर्माण गरियो र सोही वर्षको फागुन महिनामा (२०३० सालदेखि) उच्चशिक्षामा पनि उक्त शिक्षा योजना लागू गर्ने निर्णय लिइयो। तर पनि निर्दलीय व्यवस्थालाई पृष्ठपोषण गर्ने यसको अन्तर्निहित उद्देश्य रहेको सर्वत्र अनुभव गरियो र अन्ततः २०३६ वि.सं. को ऐतिहासिक परिवर्तनपछि उच्चशिक्षामा पुनः सुधार गरियो। वि.सं. २०४६ को ऐतिहासिक परिवर्तनपछि केही वर्षदेखि शिक्षित समुदायबीच बहसको विषय रहेको *"बहु विश्वविद्यालय"* को अवधारणाअनुरूप यसअघि नै स्थापित महेन्द्र संस्कृत विश्वविद्यालयका अतिरिक्त धमाधम अन्य विश्वविद्यालयहरू क्रमशः खुल्दै गएका छन्; तापनि ती नवस्थापित विश्वविद्यालयहरू सीमित स्रोत एवं विधाहरूमा मात्र केन्द्रित रहेकाले देशको उच्चशिक्षाको प्रायः सम्पूर्ण भार त्रि. वि. ले नै बहन गर्दै आएको छ।

## टिप्पणी सूची :

१) प्रेमकुमार खत्री, २०४४, *नेपाली समाज र संस्कृति,* (ललितपुर : साझा प्रकाशन) पृ. ९४ ।

२) पुष्पराज चालिसे, २०४८, *नेपालको पुरानो इतिहास र सभ्यता,* (काठमाडौं : रत्न पुस्तक भण्डार) पृ. १३८ ।

३) देवीप्रसाद लम्साल (सं) २०३३, *भाषा वंशावली (द्वितीय भाग)* (काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय) पृ. ६७-६८
"त्यहाँ उप्रान्त भक्तपुरवासी जनले खान नपाई बहुतै दु:ख पाई धेरै मानिस मऱ्या .... दुर्भिक्ष भै दामका १२ गेडा मकै, मोहरका २ माना चामल भै जाँदा किन्न पनि नपाउँदा रुखका पात, कपासका बियाँ, घाँस पर्यन्त खान लाग्या..... अनेक पुस्तक, घर बेची खाया ।"

४) त्रि.वि., २०४०, *"त्रिभुवन विश्वविद्यालय : एक* झलक" (२४ औं वार्षिकोत्सवमा प्रकाशित बुलेटिन) पृ. २ ।

५) ऐ. ऐ. ।

६) ऐ. ऐ. । - यस कलेजमा करिब ५ वर्षपछि बी.ए. को कक्षा चालू भयो ।

७) Soorya Bahadur Shakya, 1984, *Establishing and Development of T.U.* (Kathmandu : Research Division, T.U., Silver Jubilee Publication) P.5.

८) For detail information see Soorya Bhadur Sakya Ibid.

९) *त्रि.वि. एक झलक,* - पुन:उद्धृत, पृ. १ ।

१०) ऐ. ऐ., - पृ. २ ।

११) Soorya Bahadur Shakya, - op. Cit. P.4

१२) बालचन्द्र शर्मा, २०३६, *नेपालको ऐतिहासिक रुपरेखा* (वाराणसी :कृष्ण कुमारी देवी) पृ. ४१० ।

१३) Soorya Bahadur Shayka, - op. cit.

१४) दलविहीन पञ्चायती प्रजातन्त्र रजतजयन्ती महोत्सव, केन्द्रीय समन्वय समिति, २०४३, *पञ्चायत स्मारिका* (ज्ञानेश्वर, काठमाडौं) पृ. २४७ ।

१५) Soorya Bahadur Shakya, - op.cit, p.4.

१६) लेखकको व्यक्तिगत सर्वेक्षणबाट उपलब्ध तथ्यका आधारमा ।

१७) शाही उच्चशिक्षा आयोग, २०४०, *शाही उच्चशिक्षा आयोगको प्रतिवेदन,* ( काठमाडौं) पृ. २३ ।

१८) त्रि.वि. एक झलक, - *पुन: उद्धृत,* पृ. ३ ।

१९) ऐ. ऐ., - पृ. ३-५ ।

२०) ऐ. ऐ., - पृ. ७ ।

२१) ऐ. ऐ., - १३- १७ ।